OIM Operations
P.O. Box 2675
Harrisburg, PA 17105-2675

pennsylvania
DEPARTMENT OF HUMAN SERVICES

[Recipient Name First] [Recipient Name Last]
[Address Line 1]
[Address Line 2]
[City], [State] [Zip Code]

महत्त्वपूर्ण:
तपाईंले चाँडै आफ्नो स्वास्थ्य सेवाको कभरेज नवीकरण गर्नुपर्छ।

आदरणीय [Recipient Name First] [Recipient Name Last]:

हाम्रा अभिलेखहरूले तपाईंसँग चिकित्सा सहायता (Medical Assistance ,MA) र/वा बाल स्वास्थ्य बीमा कार्यक्रम (CHIP) को कभरेज छ भनेर देखाएको छ। **तपाईंले आवश्यक कदम चाल्नु पर्दछ नभए तपाईंको MA र/वा CHIP स्वास्थ्य बिमाको कभरेज रोकिनेछ।** तपाईंले नवीकरणको कागजी काम पूरा गर्नु पर्दछ ताकि तपाईं अझै पनि (MA) र/वा CHIP को कभरेज प्राप्त गर्न योग्य हुनुहुन्छ कि भनेर हामीले निर्धारण गर्न सकौं।

तपाईंले आफ्नो नवीकरण प्याकेट पूरा गर्नुभएन र हामीलाई समयमै नवीकरण प्याकेट फिर्ता पठाउनुभएन भने, तपाईंको MA र/वा CHIP स्वास्थ्य बीमाको कभरेज रोकिनेछ।

अब चाल्नु पर्ने कदमहरू:

1. तपाईंले अर्को 30-60 दिनभित्र पत्राचार मार्फत आफ्नो नवीकरण प्याकेट प्राप्त गर्नुपर्छ।
2. नवीकरण प्याकेट प्राप्त गरेको समयमा, तपाईंले नवीकरण प्याकेट जाँच गर्नु पर्ने हुन्छ र कुनै जानकारी सही छैन भने त्यसलाई परिवर्तन गर्नु पर्ने हुन्छ।
3. नवीकरण प्याकेटमा हस्ताक्षर गर्नुहोस् र प्याकेटमा उल्लेख गरिएको मितिभित्र हामीलाई फिर्ता पठाउनुहोस्। तपाईंले केही निश्चित तरिकाहरू प्रयोग गरेर हामीलाई आफ्नो नवीकरण तथा अन्य आवश्यक प्रमाण दिन सक्नुहुन्छ:
   - आफ्नो नवीकरण प्याकेट तथा प्रमाण आफ्नो काउन्टी सहायता कार्यालयमा पत्राचार गर्नुहोस्।
   - आफ्नो नवीकरण प्याकेट तथा प्रमाण आफ्नो स्थानीय काउन्टी सहायता कार्यालयमा छोड्नुहोस्।

तपाईं अहिले नै नवीकरण गर्न सक्नुहुन्छ!

- फोनमार्फत नवीकरण गर्न 1-866-550-4355 मा फोन गर्नुहोस्।
- अनलाइनबाट नवीकरण गर्न dhs.pa.gov/COMPASS मा गएर लगइन गर्नुहोस् वा COMPASS खाता बनाउनुहोस्! COMPASS मा कसरी लगइन गर्ने र आफ्नो सामाजिक सुरक्षा नम्बर तथा निम्न जानकारी प्रयोग गरेर कसरी नवीकरण पूरा गर्ने भनेर जान्नका लागि यो पृष्ठको पछाडिको भागमा दिइएको निर्देशन हेर्नुहोस्।

काउन्टी:
केस रेकर्ड नम्बर:
नवीकरण मिति:

सुझाव! कृपया आफ्नो MA र/वा CHIP कसरी नवीकरण गर्ने भन्नेसम्बन्धमा थप जानकारी प्राप्त गर्न स्वास्थ्य सेवाको नवीकरणसम्बन्धी प्रावधानहरू तथा अवच्छिन्न सेवाको अन्त्य (Health Care Renewal Requirements and the End of Continuous Coverage) नामक कागजात हेर्नुहोस्। तपाईं थप जानकारी तथा सहयोगी सामाग्रीहरूका लागि dhs.pa.gov/PHE जान गर्न पनि सक्नुहुन्छ।

तपाईंसँग आफ्ना सुविधाहरू वा यो पत्रमा भएको जानकारीको बारेमा प्रश्नहरू छन् भने, राज्यव्यापी ग्राहक सेवा केन्द्रलाई 1-877-395-8930 मा फोन गर्नुहोस्। तपाईं Philadelphia मा हुनुहुन्छ भने, 215-560-7226 मा फोन गर्नुहोस्। यी केन्द्रहरू सोमवारदेखि शुक्रवार, बिहान 8:00 देखि दिउँसो 4:30 सम्म खुला रहन्छन्।

धन्यवाद,
PA मानव सेवा विभाग

pennsylvania
DEPARTMENT OF HUMAN SERVICES

आफ्नो नवीकरण पूरा गर्न COMPASS कसरी प्रयोग गर्ने

1. **dhs.pa.gov/COMPASS** मा जानुहोस्
2. COMPASS को गृहपृष्ठमा **Renew Your Benefits** (आफ्ना सुविधाहरू नवीकरण गर्नुहोस्) लेखिएको ठाउँमा क्लिक गर्नुहोस्
3. आफ्नो MA/CHIP नवीकरण गर्न पहिलो विकल्प, मानव सेवा विभागको सुविधा (Department of Human Services Benefit), छनौट गर्नुहोस् ।
4. तपाईंले आफ्नो नवीकरण सुरु गर्नका निम्ति निम्न जानकारी भरेर पृष्ठको तलमा भएको “Sign In” (साइन इन) बटनमा क्लिक गर्नु पर्ने हुन्छ:
    - Social Security Number (सामाजिक सुरक्षा नम्बर)
    - Case Record Number (केस रेकर्ड नम्बर) *
    - County (काउन्टी) *
    - Renewal Date (नवीकरण मिति)*

    *तपाई यो पत्रको अगाडिको भागमा वा आफ्नो नवीकरण प्याकेटमा आफ्नो काउन्टी, केस रेकर्ड नम्बर र नवीकरण मिति भेट्न सक्नुहुन्छ।
5. तपाईंले COMPASS खाता बनाइ सक्नुभएको छ भने, साइन इन गर्न र आफ्नो खाताका लागि नवीकरण सुरक्षित गर्न आफ्नो प्रयोगकर्तानाम तथा पासवर्ड प्रविष्टि गर्नुहोस्।
    - तपाईंले COMPASS खाता बनाउनुभएको छैन भने, No (छैन) मा क्लिक गर्नुहोस्।
    - तपाईंलाई आफ्नो खाता बनाउन निम्न जानकारी आवश्यक पर्ने छः
        - o नाम
        - o जन्म मिति
        - o इमेल ठेगाना
    - तपाईंलाई प्रयोगकर्तानाम तथा पासवर्ड सिर्जना गर्न र साथै सुरक्षा प्रश्नहरू तथा जवाफहरू राख्न सङ्केत गरिने छ ।
6. COMPASS प्रणालीले तपाईंले आवेदनको समयमा (वा आफ्नो अन्तिम नवीकरणमा) जुन जानकारी प्रदान गर्नु भएको थियो, तपाईंलाई ती सबै जानकारी देखाउने छ। तपाईंले परिवर्तन भएको हुन सक्ने कुनै पनि जानकारी परिवर्तन गर्नु पर्ने हुन्छ, जस्तै:
    - घरपरिवारका सदस्यहरू, तथा उनीहरूको व्यक्तिगत जानकारी
    - आय
    - बीमा
    - खर्च
    - श्रोतहरू
7. जानकारी समीक्षा गर्नुहोस् र आफ्नो नवीकरण पेश गर्नुहोस्।
    - हस्ताक्षरका विकल्पहरू – “Yes I would like to e-Sign” (हो, म विद्युतीय हस्ताक्षर गर्न चाहन्छु) वा त “No, I do not want to e-Sign (होइन, म मेरो आवेदनमा विद्युतीय हस्ताक्षर गर्न चाहन्न) भन्ने विकल्प छनौट गर्नुहोस्। e-Sign (विद्युतीय हस्ताक्षर) को विकल्पले तपाईंलाई विद्युतीय रूपमा हस्ताक्षर गर्न अनुमति दिन्छ। तपाईंले आफ्नो नवीकरणमा e-Sign (विद्युतीय हस्ताक्षर) गर्नु भएन भने, तपाईंले कागजी हस्ताक्षर पृष्ठलाई प्रिन्ट गरेर वा कागजी हस्ताक्षर पृष्ठमा हस्ताक्षर गरेर त्यसलाई पत्राचार/फ्याक्स/स्क्यान गर्नु पर्ने छ।
8. आफ्नो नवीकरणको साथमा पेश गर्नु पर्ने प्रमाणीकरण कागजातहरू हेर्न View Required Items (आवश्यक सामाग्रीहरू हेर्नुहोस्) नामक विकल्पमा क्लिक गर्नुहोस्। विद्युतीय रूपमा प्रमाणीकरण कागजातहरू पेश गर्न फाइल थप्नुहोस् वा कागजातहरू स्क्यान गर्नुहोस्। आफ्नो स्थानीय काउन्टी सहायता कार्यालयमा पत्राचार गरेर वा व्यक्तिगत रूपमा उपस्थित भएर पनि तपाईं कागजातहरू छोड्न सक्नुहुन्छ।

तपाईंलाई COMPASS को प्रयोगका सम्बन्धमा सहयोग चाहिएको खण्डमा, सोमवारदेखि शुक्रवार, बिहान 8:30 देखि बेलुका 4:45 सम्म, हेल्पलाइनलाई 1-800-692-7462 मा फोन गर्नुहोस्।

स्वास्थ्य सेवाको नवीकरणसम्बन्धी प्रावधानहरू तथा अविच्छिन्न सेवाको अन्त्य

अविच्छिन्न सेवासम्बन्धी प्रावधान भनेको के हो र यो कसरी चिकित्सा सहायता (Medical Assistance, MA) र बाल स्वास्थ्य बीमा कार्यक्रम (CHIP) सँग सम्बन्धित छ ?

महामारीका दौरान, Pennsylvania राज्य व्यक्तिहरूले MA को मापदण्ड पूरा नगरेको वा MA नवीकरण नगरेको भएपनि धेरैजसो व्यक्तिहरूका लागि चिकित्सा सहायता (Medical Assistance, MA) को कभरेजलाई निरन्तरता दिन सक्षम भएको थियो। यसलाई अविच्छिन्न सेवासम्बन्धी प्रावधान भनिएको हो।

डिसेम्बर 2022 मा, संघीय सरकारले एउटा विधेयक पारित गरेको थियो। उक्त विधेयकले मार्च 31, 2023 मा MA र CHIP को अविच्छिन्न सेवासम्बन्धी प्रावधानलाई अन्त्य गर्छ। **मार्च 31, 2023 पछि MA र/वा CHIP प्राप्त गर्ने व्यक्तिहरूले तोकिएको समयसीमाभित्र आफ्नो वार्षिक नवीकरण पूरा गर्नु पर्ने हुन्छ ताकि उनीहरू अझै पनि स्वास्थ्य सेवाको कभरेज प्राप्त गर्न योग्य छन् कि भनेर विचार गर्न सकियोस्। समयमै नवीकरण पूरा नगर्दा तपाईंको स्वास्थ्य सेवाको कभरेज अन्त्य हुन सक्छ।**

मैले अब के गर्नु पर्छ ?

तपाईंले आफ्नो MA र/वा CHIP को कभरेज नवीकरण गर्नु पर्दछ। पत्राचारमार्फत नवीकरण प्याकेट आउँछ कि भनेर विचार गर्दै गर्नुहोला, जुन आउँदो 30 देखि 60 दिनभित्र पठाइने छ। तपाईंले नवीकरण प्याकेट पूरा गर्नु पर्दछ र प्याकेटमा उल्लेख गरिएको मितिभित्र व्यक्तिगत रूपमा उपस्थित भएर वा पत्र मार्फत, COMPASS मा गएर अनलाइनबाट वा फोन मार्फत आफ्नो स्थानीय County Assistance Office (CAO) लाई उक्त नवीकरण प्याकेट फिर्ता पठाउनु पर्दछ।

तपाईंले नवीकरण पूरा गरेर अन्तिम मितिभित्र नवीकरण प्याकेट फिर्ता पठाउनु भएन भने, तपाईंको MA/CHIP को कभरेज रोकिने छ।

मैले कहिले MA र/वा CHIP को नवीकरण प्याकेट प्राप्त गर्ने छु ?

तपाईंको नवीकरण गर्ने अन्तिम मितिको एक महिना अगाडि तपाईंलाई नवीकरण प्याकेट पत्राचार गरिने छ। तपाईंले Pennsylvania को मानव सेवा विभाग (Department of Human Services, DHS)पाठ सन्देशहरू प्राप्त गर्ने सेवाको लागि साइन अप गर्नुभएको छ भने, तपाईंलाई नवीकरण प्याकेट पत्राचार गरिएको समयमा तपाईंले पाठ सूचना प्राप्त गर्नु हुने छ। DHS को पाठ सन्देश प्राप्त गर्ने सेवाको लागि कसरी साइन अप गर्ने भन्ने बारेमा **dhs.pa.gov/text** मा गएर थप जानकारी पत्ता लगाउनुहोस्।

म कसरी आफ्नो नवीकरण पूरा गर्न सक्छु? के म अनलाइन वा फोन मार्फत आफ्नो नवीकरण पूरा गर्न सक्छु?

नवीकरण प्याकेट केही तरिकाहरूबाट पूरा गर्न सकिन्छः

- CAO लाई नवीकरण प्याकेट पत्राचार गरेर वा व्यक्तिगत रूपमा उपस्थित भएर कार्यालयमा प्याकेट छोडेर।
- सोमवारदेखि शुक्रवारसम्म, बिहान 8:00 बजेदेखि दिउँसो 4:30 बजेको बीचमा 1-866-550-4355 मा फोन गरेर।
- **dhs.pa.gov/COMPASS** मा गएर अनलाइनबाट

MA को नवीकरण पूरा गर्ने सबैभन्दा सजिलो तरिका भनेको dhs.pa.gov/COMPASS **मा गएर अनलाइनबाट हो।** तपाईं COMPASS मार्फत वा myCOMPASS PA मोबाइल एप मार्फत आवश्यक कुनै पनि प्रमाणीकरण कागजात पनि पेश गर्न सक्नुहुन्छ। तपाईं Apple App Store वा Google Play Store बाट निःशुल्क रूपमा myCOMPASS PA मोबाइल एप डाउनलोड गर्न सक्नुहुन्छ।

मैले कहिले सम्ममा नवीकरण पूरा र पेश गर्नु पर्दछ?

तपाईंको नवीकरण प्याकेटमा नवीकरण पेश गर्ने अन्तिम मिति सूचीबद्ध गरिएको हुने छ। तपाईंलाई नवीकरण पूरा गर्ने वा अन्तिम मितिभित्र आवश्यक कागजातहरू प्रदान गर्ने सम्बन्धमा कठिनाइ भइरहेको छ भने, आफ्नो स्थानीय काउन्टी सहायता कार्यालय वा राज्यव्यापी ग्राहक सेवा केन्द्रलाई 1-877-395-8930 मा। Philadelphia मा, 215-560-7226 मा फोन गर्नुहोस्। यी केन्द्रहरू सोमवार देखि शुक्रवार, बिहान 8:00 देखि दिउँसो 4:30 सम्म उपलब्ध हुन्छन्।

मलाई पठाइएको प्याकेट प्राप्त भएन वा ढिलो गरी आयो भने के हुन्छ ?

तपाईंले प्याकेट प्राप्त गर्नुभएन वा यो ढिलो गरी आयो भने, कृपया सोमवारदेखि शुक्रवारसम्म, बिहान 8:00 देखि दिउँसो 4:30 को बीचमा राज्यव्यापी ग्राहक सेवा केन्द्रलाई 1-877-395-8930 मा वा Philadelphia भित्र 215-560-7226 मा फोन गर्नुहोस्। उनीहरूले तपाईंलाई प्याकेट पठाउन सक्छन् र तपाईंसँग आफ्नो नवीकरण पूरा गर्न र हामीलाई आवश्यक कागजातहरू पठाउन पर्याप्त समय छ भनेर सुनिश्चित गर्नमा मद्दत गर्न सक्छन् ।

ततपाईं dhs.pa.gov/COMPASS मा गएर अनलाइन मार्फत वा फोन मार्फत 1-866-550-4355 मा कल गरेर र प्रतिनिधिसँग कुराकानी गरेर पनि नवीकरण पूरा गर्न सक्नुहुन्छ ।

मैले मेरो नवीकरणमा प्याकेटमा उल्लेख गरिएको मितिभित्रमा तपाईंलाई मेरो नवीकरण र/वा आवश्यक कागजातहरू बुझाइन भने के हुन्छ ?

तपाईंले नवीकरण प्याकेटमा उल्लेख गरिएको मितिभित्र हामीलाई नवीकरण प्याकेट दिनुभएन वा आवश्यक कागजातहरू दिनुभएन भने, तपाईंको MA र/वा CHIP को स्वास्थ्य कभरेज रोकिने छ । तपाईंले पत्राचारमार्फत एउटा सूचना प्राप्त गर्नु हुने छ । उक्त सूचनामा तपाईंको स्वास्थ्य कभरेज कहिले अन्त्य हुन्छ भनेर उल्लेख गरिने छ । उक्त सूचनामा निष्पक्ष सुनवाइ माग गर्दै कसरी उक्त निर्णयका विरुद्धमा पुनरावेदन दायर गर्ने भन्ने निर्देशनहरू समावेश गरिएको हुने छ । तपाईंले पुनरावेदन दायर गर्नु भएन भने, तपाईंले आफ्नो सूचनामा उल्लेख भएको तपाईंको मेडिकल कभरेज अन्त्य हुने मितिको 90 दिनसम्ममा नवीकरण र/वा आवश्यक कागजातहरू बुझाउन सक्नुहुन्छ र यसो गर्दा नयाँ आवेदन बुझाइ रहनु पर्दैन । तपाईं अझै पनि MA/CHIP प्राप्त गर्न योग्य हुनुहुन्छ भने, तपाईंको MA/CHIP कभरेजमा कुनै अन्तराल हुने छैन र पुनः सुचारु हुने छ ।

मैले नवीकरण त पूरा गरेँ तर म MA र/वा CHIP प्राप्त गर्न योग्य भइन भने के हुन्छ ?

तपाईं MA र/वा CHIP प्राप्त गर्न योग्य हुनुभएन भने, तपाईंले तपाईंको मेडिकल कभरेज अन्त्य हुँदैछ भनेर जानकारी गराउने एउटा पत्र प्राप्त गर्नु हुने छ । तपाईंलाई हामीले गल्ती गरेका छौं जस्तो लागेको खण्डमा तपाईं निष्पक्ष सुनवाइ माग गरेर उक्त निर्णयका विरुद्धमा अपिल दायर गर्न सक्नुहुन्छ । अपिल तथा निष्पक्ष सुनवाइको अधिकार तथा अपिल दायर गर्ने तरिकासम्बन्धी निर्देशनहरू तपाईंले प्राप्त गर्ने सूचनामा प्रदान गरिने छ ।

तपाईं MA र/वा CHIP प्राप्त गर्न योग्य हुनुभएन भने, कभरेज तथा स्वास्थ्य सेवाको खर्च घटाउन तपाईंलाई Pennsylvania को एक मात्र आर्थिक सहायताको श्रोत तथा आधिकारिक स्वास्थ्य तथा दन्त बीमा बजार Pennie® मा रेफर गर्न सकिन्छ । तपाईं pennie.com/connect मा गएर वा 1-844-844-8040 मा फोन गरेर Pennie को बारेमा थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ ।

MA को योग्यता पूरा नगरेका 19 वर्ष मुनिका बालबालिकाहरूले CHIP को योग्यता पूरा गर्छन् कि भनेर विचार गर्न सकिन्छ । तपाईं www.chipcoverspakids.com मा गएर वा CHIP हेल्पलाइनलाई 1-800-986-KIDS (5437) मा फोन गरेर थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ ।

SCAN ME

dhs.pa.gov/PHE मा गएर वा QR कोड स्क्यान गरेर MA/ CHIP को नवीकरण तथा अविच्छिन्न सेवासम्बन्धी प्रावधानको बारेमा थप जानकारी प्राप्त गर्नुहोस् ।

आफ्नो कभरेजको बारेमा अद्यावधिक रहने तथा अन्य महत्त्वपूर्ण जानकारी प्राप्त गर्ने सबैभन्दा सजिलो तरिका भने DHS को टेक्स्ट सन्देश प्राप्त गर्ने सेवाका लागि साइन अप गर्नु हो । पाठ सन्देश कसरी प्राप्त गर्ने भनेर जान्नका लागिपिठ लागि dhs.pa.gov/text मा जानुहोस्।मा जानुहोस्।